२०७४।१०।०५

# प्रेस विज्ञप्ती

लामो समय पछि जनताका प्रतिनिधीहरुद्धारा निर्माण गरिएको नेपालको संविधान, २०७२ अनुसार तीन तहको सरकारको व्यवस्था भए बमोजिम गत असार १४ गते सम्पन्न स्थानीय तहको निर्वाचनवाट यस इटहरी उप-महानगरपालिकामा निर्वाचित जन प्रतिनिधीहरुले २०७४ श्रावण १ गतेवाट पदभार ग्रहण गरे पश्चात नगरवासीहरुलाई सरल, सहज एवं पारदर्शी ढंगले सेवा प्रवाह गर्ने एवं विकास निर्माणका कार्यलाई नागरिकको अपेक्षा बमोजिम अगाडी बढाउन प्रतिबद्ध रहेका छौ ।

गत श्रावण महिनामा आएको भिषण बाढीबाट यस इटहरी उप-महानगरपालिका क्षेत्र भित्रका विभिन्न वडाहरुका बस्ती तथा टोलहरु नराम्ररी प्रभावित रह्यो । बाढीका कारण करिब ७०० (सात सय) घर परिवारहरुको घर पूर्णरुपमा क्षति भई विस्थापित बन्न पुगे । १० जना नागरिकहरुले ज्यान गुमाउनु पऱ्यो । यस्तो विषम परिस्थितीमा यस उप-महानगरपालिकाको नेतृत्वमा सुरक्षा निकायहरु, नेपाल रेडक्रस सोसाईटी, अन्य सरोकारवाला कार्यालयहरु, उद्योग बाणिज्य संघ, विभिन्न संघ संस्थाहरु र नागरिक समाज समेतको बिशेष सकृयता र जन प्रतिनिधिहरुको नेतृत्वदायि भूमिकामा तत्काल उद्दार तथा राहतको कार्य गरी विपत् प्रभावित परिवारहरुलाई सेवा पुऱ्याउने कार्य गरियो ।

यसै क्रममा यस उप-महानगरपालिकाको प्रथम नगरसभा सम्पन्न गरी विस्थापित परिवारहरुलाई तत्काल पुर्नवासको व्यवस्था गर्दै स्थानीय सरकारको प्रत्याभूति गराउदै सिमित श्रोत साधनको उच्चतम उपयोग गर्दै नागरिकहरुका बढ्दो आवश्यकता र इच्छाहरु पुरा गर्ने तर्फ नगरपालिका सदैव कृयाशिल रहदै आएको छ । नेपालीहरुको महान चाडं दशै, तिहार तथा छैठ पर्वको अवसरमा नगरका सडक र टोल बस्तीहरुमा नागरिकहरुको माग र अपेक्षा बमोजिम उज्यालो बनाउने उदेश्य अनुरुप सडक बत्ती सि.एफ.एल.जडानको कार्य गरियो । यसै बिषयलाई लिएर सि.एफ.एल बत्ती खरिद सम्बन्धमा विभिन्न संचार माध्यमहरुमा प्रकाशित प्रसारित समाचारहरु प्रति हाम्रो गम्भीर ध्यान आकर्षण भएको थियो र छ पनि ।

उक्त समाचारहरुको बारेमा सत्य तथ्य नागरिक समाजहरुको अगाडी ल्याउनका निम्ती मिति २०७४।०८।०८ को कार्यपालिकाको बैठकबाट एक छानविन समिति गठन भई सो समितिले विस्तृत अध्ययन गरी तयार गरेको प्रतिवेदन मिति २०७४।९।३० मा कार्यपालिकाको बैठकमा पेश भई आवश्यक छलफल गरी मिति २०७४।१०।०२ गते सार्वजनिक गर्ने निर्णय गरियो । प्रतिवेदन सार्वजनिक गर्ने कार्यक्रम बमोजिम सार्वजनिकीकरणका लागि संचारकर्मीहरुलाई आमन्त्रण गरिएकोमा नगरपालिकामा विभिन्न समुहको डेलिकेशन र छलफलमा सहभागी हुदा निर्धारित समय भन्दा करिब २५ मिनट ढिलाई भई तत्काल संचारकर्मीहरु माझमा उक्त प्रतिवेदन सार्वजनिकीकरण हुन नसकेको अवस्थामा सर्व साधारणको जानकारीको लागि सो प्रतिवेदन मिति २०७४।१०।०२ गते नै नगरपालिकाको वेवसाइट मार्फत सार्वजनिकीकरण गरिएको व्यहोरा अनुरोध छ ।

उक्त प्रतिवेदनमा औल्याईएका बिषयहरुमा कार्यपालिकाको बैठकमा बृहत रुपमा छलफल भई सो सम्बन्धमा सम्बन्धीत शाखा र जिम्मेवार कर्मचारीहरुसँग सोधपुछ र सो बिषयमा स्पष्टीकरण लिने निर्णय गरिसकिएको व्यहोरा अवगत गराउन चाहान्छु । साथै अनुसन्धान कार्यमा सहयोग पुऱ्याउन अख्तियार

दुरुपयोग अनुसन्धान आयोगको अनुरोधमा उक्त प्रतिवेदनलाई आयोगको कार्यालयमा पठाई सकिएकोले सो को वास्तविकताको बिषयमा आयोगबाट आवश्यक छानविन हुने हुँदा सो कार्यलाई प्रभावित गर्ने गराउने कुनै कार्य नगरी आवश्यक सहयोग पुऱ्याउनु हामी सबैको साझा दायित्व हुन्छ भन्ने विश्वास लिएका छौ ।

स्थानीय सरकारको जिम्मेवारी र भूमिका अनुसार यस इटहरी उप-महानगरपालिकाबाट आम नगरबासीहरुमा आगामी दिनमा उपलब्ध गराउने सेवा सुविधालाई थप व्यवस्थित र प्रभावकारी बनाउदै सरल, सहज, स्वच्छ, जनमूखि र पारदर्शी ढंगले पुऱ्याउन नगरपालिका अझ कृयाशिल र प्रतिबद्ध रहेको छ। यस नगरपालिकाले गर्ने समग्र विकास निर्माणका कार्य र सेवा प्रवाहलाई पारदर्शी बनाउदै नागरिकका अपेक्षा बमोजिम सेवा सम्पादन गर्ने कार्यमा सबै जनप्रतिनिधिहरु सचेत र सजग रहदै आएका छौ। यस कार्यमा आम नगरबासी, सरोकारवाला संघ संस्थाहरु, नागरिक, बुद्धिजिवी, उद्योगी व्यापारी एवं संचारकर्मीबाट थप सहयोगको अपेक्षा समेत गर्दछौ ।

अन्त्यमा, हाम्रो आमन्त्रणलाई स्वीकार गरी पाल्नु हुने संचारकर्मी मित्रहरु संघ संस्थाका प्रतिनिधिहरु, नागरिक समाजका बुद्धिजिवी, उद्योगी व्यापारी लगायत उपस्थित सम्पुर्ण महानुभावहरुलाई हार्दिक धन्यबाद दिन चाहान्छु ।

**धन्यबाद**

द्वारिकलाल चौधरी
नगरप्रमुख

द्वारिकलाल चौधरी
नगर प्रमुख